नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:सार्वजनिक हित,स्वास्थ्य,सुरक्षा,सुविधा र नैतिकता विरुद्धको कसूर ।

मि.नं. ४६१, दायर मिति-:२०८०-१२-०९ प्रतिवादी

वादी फैसला मिति-२०८१-०१-१३

प्र.स.नि.नरेन्द्र पौडेलको जाहेरीले नेपाल सरकार-----------------------१

जिल्ला बारा परवानीपुर गा.पा.-०३ लिपनीमाल बस्ने बर्ष २२ को उदय कुमार रौनियार भन्ने दयबाबु प्रसाद साह समेत २-१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।

२. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बिजय साह समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक ईन्कारी बयान।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा मिति २०८०।११।३० गतेको दिन जिल्ला बारा परवानीपुर गा.पा. वडा नं.३ लिपनीमालबाट मैले संचालन गरेको तरकारी पसलको लागी तरकारी किन आउने क्रममा घण्टा घर स्थितमा आई पुग्दा सोही ठाँउमा मेरो चिनेको साथी भवानी भट्टराई सँग भेट हुदा निज साथीले घुम्न जाँउ भनेपछि म पनि राजी भई घुम्दै जाने क्रममा ऐ.अं.२२:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा. वडा नं.११ श्रीपुर स्थितमा पुग्दा प्रहरी टोलीले हामी दुवैलाई रोकी नियन्त्रणमा लिई मिति २०८०।११।२७ गते विहान विभिन्न स्थान र बिजुलीको पोलहरुमा वर्तमान प्रधान मन्त्री र उप-प्रधान तथा स्वास्थ्य जनसंख्या तथा वातावरण मन्त्री उपेन्द्र यादव ज्यूको तस्वीरलाई गलत प्रयोग गरी पर्चा पम्पलेट टाँस गरेको र मिति २०८०।११।२८ गते मधेश प्रदेश पुर्व मुख्य मन्त्री लालबाबु राउत गदीको घर कम्पाउण्डको मुलढोका मुनी सोही प्रकारका पर्चा, पम्पलेट फालेको घटनाको सम्बन्धमा हामीलाई प्रतिवेदक प्रहरी टोलीले हामी सँग सोधपुछ गर्दा म समेतले रिषको आवेगमा आई उल्टै प्रहरी कर्मचारीलाई अपशव्द प्रयोग गर्दै ,हो-हल्ला गरी प्र्हरी टोलीलाई अभद्र व्यवहार गरेकोले पक्राउ परेको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीहरुले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु उदय कुमार रौनियार भन्ने दयबाबु प्रसाद साह र भवानी भट्टराईलाई जरिवाना जनही रु २,०००। - गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु उदय कुमार रौनियार भन्ने दयबाबु प्रसाद साह र भवानी भट्टराईलाई जरिवानाको हकमा मिति २०८०-११-०९ गते र.नं. ४७८,४७९ बाट दाखिला गरेको धरौटी रकम जनही रु २,०००।- जरिवाना रकम जनही रु २,०००।- कट्टा गरी मिनाहा गर्नु।---------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा दुबै पक्षलाई चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्न सक्ने नै हुँदा सो सम्बन्धमा थप बोलिरहनु परेन। ------------------------------------------------------------------------------------१

३. जिल्ला सरकारी वकिल कार्यालय ,पर्सालाई फैसलाको प्रतिलिपि साथै राखि फैसलाको जानकारी दिनु-----------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८१ साल बैशाख महिना १३ गते रोज ५ / ने.सं. ११४४ चौलागा ,२ बिहिबार शुभम् ............